**धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय**

**प्रदेश-१ धरान, सुनसरी**

**बाईसौं नगर कार्यपालिका बैठक**

आज मिति २०७५ आश्विन २५ गते विहान ८:०० बजे धरान उपमहानगरपालिकाको बाईसौं नगर कार्यपालिका बैठक कार्यवाहक नगर प्रमुख श्री मञ्जु भण्डारी (सुवेदी) को अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**सहभागिता:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | उपस्थित |
| ३ | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | उपस्थित |
| ४ | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | उपस्थित |
| ५ | श्री गोरसमान आले | का.वा. वडा अध्यक्ष | धरान-४ | उपस्थित |
| ६ | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | उपस्थित |
| ७ | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | उपस्थित |
| ८ | श्री जिवनराज सुवेदी | का.वा. वडा अध्यक्ष | धरान-७ | उपस्थित |
| ९ | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | उपस्थित |
| १० | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | उपस्थित |
| ११ | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | उपस्थित |
| १२ | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | उपस्थित |
| १३ | श्री टंक बहादुर राइ | वडा अध्यक्ष | धरान-१२ | उपस्थित |
| १४ | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | उपस्थित |
| १५ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | उपस्थित |

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १७ | श्री दिल कुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | उपस्थित |
| १८ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| १९ | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | उपस्थित |
| २० | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २१ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २२ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २३ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | अनुपस्थित |
| २४ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २५ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २६ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २७ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २८ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |

**अन्य सहभागिता :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री पिताम्बर गौतम | निमित्त प्रमुख प्रशासकिय अधिकृत | उपस्थित |
| २ | श्री खगेन्द्र प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | उपस्थित |

वरिष्ठ प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १७ | श्री दिल कुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | उपस्थित |
| १८ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| १९ | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | उपस्थित |
| २० | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २१ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २२ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २३ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | अनुपस्थित |
| २४ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २५ | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २६ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २७ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २८ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |

**अन्य सहभागिता :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री पिताम्बर गौतम | निमित्त प्रमुख प्रशासकिय अधिकृत | उपस्थित |
| २ | श्री खगेन्द्र प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | उपस्थित |

वरिष्ठ प्रशासकीय अधिकृत

# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्याललय

नगर कार्यपालिकाको २२ औं बैठक

वैठकका कार्यसूची र निर्णयहरु

१. शुभकामना आदान प्रदान तथा क्षमता विकास कार्यक्रम सम्बन्धमा ।

धरान उपमहानगरपालिकाको तर्फबाट धरान स्थित सबै सरकारी कार्यालयका प्रमुख, विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, सल्लाहकार, जनप्रतिनिधिहरु सबैलाई १ दिने (२०७५ आश्विन २८ गते ठिक २:०० बजे) शुभकामना आदान प्रदान तथा क्षमता विकास कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

२. सुधा सागर पथ, धरान ११ को मापदण्ड सम्बन्धमा ।

यस उपमहानगरपालिकाको न्यायिक समितिको मिति २०७५/४/२५ को निर्णय र सिफारीसको आधारमा धरान ११ स्थित सुधा सागर पथको साविक १० फिटको मापदण्डलाई १४ फिट कायम गर्ने निर्णय गरियो ।

३. सार्वजनिक पुस्तकालयको बैंक खाता सम्बन्धमा ।

यस उपमहानगरपालिकाको मातहतमा सञ्चालन रहेको प्रदेश स्तरीय सार्वजनिक पुस्तकालयको बचत बैंक खाता जिल्ला हुलाक कार्यलयमा हुलाक बचत खाताको रुपमा सञ्चालनमा रहेकोमा हाल जिल्ला हुलाक कार्यालयले हुलाक बचत सेवा बन्द गर्ने भएको हुंदा उक्त हुलाकमा रहेको बैंक खाता बन्द गरी उक्त खातामा रहेको सबै रकम वरिष्ठ सामाजिक विकास अधिकृत श्री गणेश प्रसाद खतिवडा र वरिष्ठ लेखा अधिकृत श्री भेषराज अधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी मितेरी विकास बैंक धरान १२ मा बचत खाता खेली रकम जम्मा गर्ने र प्रचलित नियमानुसार खाता सञ्चालन गर्ने निर्णय गरियो ।

४. बोईज युनियन, धरान ६ को पानवारी महोत्सव सम्बन्धमा ।

बोईज युनियम क्लब, धरान ६ ले धरान ६ स्थित सिमल चोकमा ग्रामिण क्षेत्रमा उत्पादित कृषिजन्य वस्तुको प्रबर्द्धन गर्न र दैनिक उपभोग्य सामाग्रीहरु सुपथ मुल्यमा उपलबध गराउन तथा बालवालिकाहरुको लागि मनोरन्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने गरी स्वोकृती माग गर्नु भएको हुंदा शान्तसुरक्षा, फोहरमैला व्यवस्थापन लगायतका कार्यहरु संस्था कै अगुवाईमा सम्बन्धित कार्यालय र निकायसंग समन्वय र सहकार्य गरी गर्ने गरी उपभोक्तालाई सहुलियत हुने गरी कानूनले निषेध गरेका जुवाजन्य कुनै पनि खेल तमासा तथा कार्यक्रमहरु सञ्चालन गर्न नपाउने गरी बेलुका ७:०० बन्द गर्ने गरी दैनिक रु. ५०००/- का दरले बढिमा १५ दिनको लागि स्वीकृती दिने निर्णय गरियो ।

५. छिमेकि युवा समुह धरान १२ को सस्तो बजार तथा रमाईलो साँस्कृतीक उत्सव सम्बन्धमा ।

छिमेकी युवा समुह, धरान १२ ले स्थानीय कलाकारहरुलाई प्रोत्साहन गर्ने, समाज सेवा गर्ने, स्थानीय स्तरमा सञ्चालन गरेको एम्बुलेन्स सेवालाई गुणस्तरीय र सहुलीयत बनाउने उद्देश्यले धरान १२ स्थित पब्लिक माध्यामिक विद्यालयको खेलमैदानमा दैनिक उपभोग्य सामाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलबध गराउने, साँस्कृतीक तथा मनोरन्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने गरी स्वोकृती माग गर्नु भएको हुंदा शान्तसुरक्षा, फोहरमैला व्यवस्थापन लगायतका कार्यहरु संस्था कै अगुवाईमा सम्बन्धित कार्यालय र निकायसंग समन्वय र सहकार्य गरी गर्ने गरी उपभोक्तालाई सहुलियत हुने गरी कानूनले निषेध गरेका जुवाजन्य कुनै पनि खेल तमासा तथा कार्यक्रमहरु सञ्चालन गर्न नपाउने गरी बेलुकी ९:०० सम्म मात्र सञ्चालन गर्न पाउने गरी दैनिक रु. ७०००/- का दरले अग्रिम शुल्क बुझाउने गरी ३० दिनको लागि स्वीकृती दिने निर्णय गरियो ।

६. अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

निर्णय नं ४ र ५ बमोजिम सञ्चालन हुने सांस्कृतीक उत्सवको अनुगमन र निरिक्षण सम्बन्धमा तपसिल बमोजिमको एक अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री नरेश कुमार ईवारम
सदस्य श्री टंक बहादुर राई
सदस्य श्री श्रीप्रसाद सुव्वा
सदस्य श्री सूर्य बहादुर भट्टराई
सदस्य श्री रोशन अधिकारी
सदस्य सचिव श्री प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति ।

**७. सामाजिक परिचालक सम्बन्धमा ।**

सामाजिक परिचालकहरुको म्याद यहि २०७५ असार मसान्तमा समाप्त भएको तर हाल वडामा जनशक्ति अभाव हुनुको साथै सामाजिक विकासका कामका लागि निजहरुको सेवा समेत आवश्यक देखिएको सन्दर्भमा चालु आर्थिक वर्षमा वडालाई विनियोजित चालु खर्चको सिमा भित्र रहि वडाको आवश्यकता अनुसार वडाले नै करारमा राख्न सक्ने निर्णय गरियो ।

**८. चुरे क्षेत्रको नदिजन्य पदार्थको उत्खनन्को स्वीकृती माग गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिका क्षेत्र भएर बग्ने विभिन्न खोलाहरुबाट नदिजन्य पदार्थ उत्खननको स्वीकृतीको लागि राष्ट्रपती चुरे संरक्षण विकास समितिसंग सहमती माग गर्ने निर्णय गरियो । साथै नदिजन्य पदार्थको उत्खनन्को अनुगमन, निरीक्षण गर्न तपसिल बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो ।

**क) नदिजन्य पदार्थको उत्खनन्को अनुगमन, निरीक्षण गर्न समिति गठन गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिका भित्र हुने नदि जन्य पदार्थ उत्खनन्को कार्य अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन समेत पेश गर्ने गरी तपसिल बमोजिमको एक प्राविधिक समिति गठन गर्ने निर्णय गरीयो । समितिले सम्बन्धित वडाका वडा अध्यक्षसंग समन्वय गरी कार्य गर्ने ।

<u>तपसिल</u>

- संयोजक - शहरी पूर्वाधार विकास महाशाखा
- सदस्य - प्रशासन महाशाखा प्रमुख
- सदस्य - वातावरण महाशाखा प्रमुख
- सदस्य - ईलाका वन कार्यालय प्रमुख वा प्रतिनिधि प्रतिनिधि
- सदस्य सचिव - राजस्व शाखा प्रमुख
- आमन्त्रित सदस्यहरु - सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको प्रतिनिधि

**९. अन्य विविध :**

**क) राजस्व परामर्श समितिको सिफारिश कर सम्बन्धमा :**

**१) कवाडीजन्य वस्तुको विक्रि कर सम्बन्धमा ।**

यस कार्यालयको आर्थिक ऐन, २०७५ को दफा ७, अनुसूची ९ बमोजिम निर्धारण गरिएको कवाडी जन्य वस्तुको विक्रिमा लाग्ने करको दरलाई सोही ऐनको दफा २३ को अधिकार प्रयोग गरी देहाय बमोजिमको व्यवस्था गरी कार्यान्वयन गर्ने र उल्लिखित व्यवस्थालाई आगामि नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

अनुसूची ९

(कवाडी सम्बन्धि व्यवस्था)

| क्र.स. | विवरण | एकाइ | दर रु. | |
|---|---|---|---|---|
| १ | कागजजन्य सामान | प्रति किलोग्राम | ०।५० | पचास पैसा । |
| २ | फलामजन्य सामान | प्रति किलोग्राम | १।०० | एक रुपैयाँ मात्र । |
| ३ | स्टीलजन्य सामान | प्रति किलोग्राम | १।०० | एक रुपैयाँ मात्र । |
| ४ | शिशाजन्य सामान | वियर तथा वाईनका वोतल प्रतिगोटा | ०।१० | दश पैसा । |
| | | क्वाटर वोतल प्रतिगोटा | ०।०५ | पाँच पैसा । |
| | | अन्य वोतल प्रतिगोटा | ०।१० | दश पैसा । |
| | | फुटेको शिशा तथा शिशा जन्य प्रतिके.जी. | ०।१० | दश पैसा । |
| ५ | अन्य सामान,प्लाष्टिक | प्रति किलोग्राम | १।०० | एक रुपैया । |

**२. ठेक्का प्रकृया रद्द गर्ने सम्बन्धमा :**

यस कार्यालयले संकलन गर्ने जडिबुटी, जिवजन्तु,कवाडी कर संकलनको लागि आर्थिक वर्ष २०७५।०७६ को लागि आह्वान गरिएको ठेक्का प्रकृया यस उपमहानगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको सिफारीश बमोजिम रद्द गरी कार्यालयबाट संकलन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**३. जरिवाना सम्बन्धमा ।**

वडा नं. १२ बस्ने श्री प्रकाश श्रेष्ठले एकीकृत सम्पत्ती कर बुझाँउदा साविक देखिनै आफ्नो सम्पूर्ण जग्गाको घरको मूल्यांकन गरी कर दाखिला गरिएको र यसरी कर असुल गर्दा महेन्द्र पथमा रहेको घर नं. ३० को एउटा घरको मूल्यांकन भई कर असुली हुन छुट भएकोले यस उपमहानगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७५/६/२४ को सिफारीश बमोजिम हाल उक्त घरको मात्र कर असुल गर्दा लाग्ने जरीवाना आर्थिक ऐन, २०७५ को दफा १६ को उपदफा ११ बमोजिम ५ (पाँच) प्रतिशत सहित सबै कर असुली गर्ने निर्णय गरियो ।

**४. राजस्व सुधार तथा परिचालन सम्बन्धमा :**

यस कार्यालयले संकलन गर्ने राजस्वलाई प्रभावकारी बनाउन यस उपमहानगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७५/६/२४ को सिफारीश बमोजिम राजस्व अनुसन्धान कार्य टोली गठन गरि शाखा प्रमुखको माताहतमा रहने गरि अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा २०७५ कार्तिक देखि नै परिचालन गर्ने र सो को लागि देहाय बमोजिमको कर्मचारी करारमा राख्ने व्यवस्था गर्ने निर्णय गरियो ।

१. करारमा नगर प्रहरी भर्ना गर्दा वैकल्पिकमा नाम निकाल्न सफल पुरुष ३ जना र महिला २ जना गरी नगर राजस्व प्रहरीको रुपमा करारमा लिने।

**ख) दिवा खाजा वितरण गर्ने विद्यालय तोक्ने सम्बन्धमा ।**

चालु आ.व. २०७५।७६ मा नगर सभाबाट स्वीकृत वार्षिक नगर विकास योजना अन्तर्गत वित्तिय समानीकरण अनुदानबाट विनियोजित तोकिएका विद्यालयहरुमा दिवा खाजा कार्यक्रम शीर्षकको रकम तपसिलमा उल्लिखित विद्यालयहरुका प्रारम्भिक बालशिक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई उपलब्ध गराउने निर्णय गरियो । उपलब्ध बजेट तथा श्रोत साधनले पुग्ने भएमा अन्य थप विद्यालयलाई समेत प्राथमिकताको आधारमा समावेश गर्ने ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|

| | | |
|---|---|---|
| १ | भगवती आधारभूत विद्यालय विष्णुपादुका | धरान २० |
| २ | उदय आधारभूत विष्णुपादुका | धरान २० |
| ३ | बाल्मिकी आधारभूत विद्यालय विष्णुपादुका | धरान २० |
| ४ | सूर्योदय आधारभूत विद्यालय विष्णुपादुका | धरान २० |
| ५ | जनज्योति आधारभूत विद्यालय विष्णुपादुका | धरान २० |
| ६ | अमर आधारभूत विद्यालय | धरान १३ |
| ७ | पब्लिक माध्यमिक विद्यालय फुस्रे | धरान १३ |
| ८ | अनन्त शिक्षा ज्योति आधारभूत विद्यालय | धरान ११ |
| ९ | निशान देवी आधारभूत विद्यालय | धरान ५ |
| १० | जनता आधारभूत विद्यालय | धरान ५ |
| ११ | हिमाली माध्यमिक विद्यालय | धरान ५ |
| १२ | कालिका आधारभूत विद्यालय | धरान ४ |
| १३ | आधारभूत विद्यालय हर्दिया | धरान ४ |
| १४ | सिंहदेवी आधारभूत विद्यालय | धरान ४ |
| १५ | शिक्षा ज्योती आधारभूत विद्यालय | पत्रङवारी |
| १६ | भगतवति आधारभूत विद्यालय | धरान १६ |
| १७ | कन्या आधारभूत विद्यालय | धरान ४ |
| १८ | चण्डिका भवानी आधारभूत | धरान २० |
| १९ | मदनआश्रित आधारभूत विद्यालय | धरान २० |

**ग) वडा सञ्चालन कार्यविधि पारित गर्ने सम्बन्धमा :**

धरान उपमहानगरपालिकाको वडा सञ्चालन कार्यविधि,२०७५ संशोधन सहित पारित गरियो ।

**घ) वडा अध्यक्षहरुबाट भएको कार्यक्रम अनुमोदन तथा स्वीकृती सम्बन्धमा :**

१) यस उपमहानगरपालिकाको वडा सञ्चालन कार्यविधि,२०७५ लागु हुनु भन्दा अघिसम्म वडाको बजेटको हकमा सम्बन्धित वडा अध्यक्षहरुबाट भएको तथा हुने कार्यक्रम स्वीकृती र सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

२) वडा कार्यालयहरुको प्रयोजनको लागि घर वहालमा लिने प्रकृया अन्तर्गत सार्वजनिक खरिद नियमावली र नगरपालिकाको वार्षिक बजेटको सीमाभित्र रही देहाय अनुसार हुने गरी हालसम्म भएका मासिक घरवहालको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

| वडा नम्बर | मासिक भाडा रु. |
|---|---|
| वडा नं. १ | १५०००।०० |
| वडा नं. २ | १५०००।०० |
| वडा नं. ३ | ८५००।०० |
| वडा नं. ६ | ८५००।०० |
| वडा नं. ११ | १८६००।०० |
| वडा नं. १२ | १४७७०।०० |

**ङ) नगर विकास कोषसंग थप रकम ऋण माग गर्ने सम्बन्धमा ।**

नेपाल सकार तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा संचालित एकिकृत शहरी विकास आयोजना अन्तर्गत धरान उपमहानगरपालिकाको समेत लागत सहभागितामा धरान उपमहानगरपालिकामा संचालन

भई रहेको धरान खानेपानी (पुनस्थापना, विस्तार र विकास) आयोजनाको लागि रु.२८८१२१८४५।९६ (१९.३७) मूल्य अभिवृद्धि कर सहितको Variation Order (VO) स्वीकृत भई सकेको र Variation Order (VO) अनुसार थप रकम समेत ऋण माग गर्ने निर्णय गरियो ।

**च) समितिको वैठक सम्बन्धमा :**

यस धरान उपमहानगरपालिकाको नगर सभा र नगर कार्यपालिकाबाट गठित समितिहरुको बैठक भत्ता प्रतिव्यक्ति १०००।०० (एक हजार मात्र) निर्धारण गर्ने र बैठक भत्ता महिनाको बढिमा एउटासम्मको मात्र पाउने निर्णय गरियो ।

खगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत